# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, असोज १३ गते, २०७८ साल (अतिरिक्ताङ्क १९

## भाग ३

गण्डकी प्रदेश सरकार

**भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना**

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०६।१३ गतेको निर्णय बमोजिम गण्डकी प्रदेश अन्तर्गत सञ्चालित सवारी साधनहरूको भाडादर सिफारिस गर्नेगरी कार्य शर्त सहित देहाय बमोजिमको प्रदेश भाडा सिफारिस समिति गठन संरचना स्वीकृत भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

**देहायः**

**प्रदेश भाडादर सिफारिस समिति गठन र कार्यशर्तको सूची**

१. **प्रदेश भाडादर सिफारिस समितिः**

(क) सचिव, भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय - संयोजक
(ख) महाशाखा प्रमुख, (प्रशासन तथा यातायात हेर्ने) मन्त्रालय - सदस्य
(ग) प्रतिनिधि (अधिकृतस्तर), मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य
(घ) प्रतिनिधि (अधिकृतस्तर),कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय - सदस्य
(ङ) प्रतिनिधि (अधिकृतस्तर), अर्थ मन्त्रालय - सदस्य
(च) यातायात व्यवस्था कार्यालयहरु मध्येबाट मन्त्रालयले तोकेको कार्यालय प्रमुख एक जना - सदस्य
(छ) प्रतिनिधि, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, गण्डकी प्रदेश - सदस्य

(ज) प्रतिनिधि, उपभोक्ता मञ्च, गण्डकी प्रदेश - सदस्य

(झ) मन्त्रालयले तोकेको मेकानिकल इन्जिनियर(मन्त्रालय वा अन्तर्गत) - सदस्य

(ञ) शाखा प्रमुख (यातायात हेर्ने), मन्त्रालय -सदस्य सचिव

२. <u>सिफारिस समितिको कार्यशर्त:</u>

समितिले देहायका सूचकहरुलाई आधार लिई भाडादर निर्धारण तथा समायोजनका लागि सिफारिस गर्न सक्नेछः-

(क) सार्वजनिक सवारी साधनको (बजार सर्वेक्षणबाट विवरण लिई) बुक भ्यालु,

(ख) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुलाई बुझाउनुपर्ने राजश्व तथा दस्तुरहरु,

(ग) सम्बन्धित व्यवसायीले कर कार्यालयमा बुझाएको विवरण,

(घ) सवारीको बीमा वापतको रकम,

(ङ) सार्वजनिक सवारीमा काम गर्ने कामदारको ज्याला, तलब लगायतका प्रशासनिक खर्च,

(च) इन्धन खर्च तथा ब्याट्री, टायर, लुब्रिकेन्ट पार्टपुर्जा लगायतका (प्रचलित बजारमूल्यको आधारमा) सञ्चालन सम्बन्धी खर्च,

(छ) सवारीको मर्मत सम्बन्धी खर्चहरु (प्रचलित बजारमूल्यको आधारमा),

(ज) ह्रासकट्टी (आयकर ऐन २०५८ बमोजिम),

(झ) कर्जामा लाग्ने बैंक ब्याजदर लगायतका अन्य ओभरहेड खर्चहरु (सम्बन्धित व्यवसायीले तिरेको यथार्थ रकम तथा कर कार्यालयमा बुझाएको विवरणको आधारमा),

(ञ) सवारी सञ्चालन गरेबापत सञ्चालकले पाउनुपर्ने न्यूनतम मूनाफा,

(ट) भाडादर कायम गर्दा सुपथ भाडादर सिफारिस गर्ने ।

(ठ) समितिले मनासिव ठहर गरेका अन्य आधारहरु ।

(ड) यो समितिको कार्य अवधि राजपत्रमा सूचना प्रकाशित भएको मितिले तीन महिना रहनेछ ।

आज्ञाले,

राम चन्द्र श्रेष्ठ

प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय।मूल्य रु.१०।-